# वन्गाड क्याम्पस सल्यानको

# संसोधित नियमावली

२०७५

# बन्गाड क्याम्पस सल्यानको नियमावली
## २०७५

**प्रस्तावना**

कर्णाली प्रदेश अन्तर्गत सल्यान जिल्लाको पश्चिम उत्तर बन्गाड क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धात्मक र गुणस्तरीय उच्च शिक्षाको अवसर प्रदान गर्न सरोकारवाला (शिक्षाप्रेमी, समाजसेवी, राजनीति दल, शिक्षक, कर्मचारी, विद्यार्थी एवम् आम नागरिक ) को सहयोगमा सार्वजनिक क्षेत्रमा सामाजिक भलाइका दृष्टिले शैक्षिक सत्र २०६८/०६९ साल देखि सञ्चालित बन्गाड क्याम्पसको शैक्षिक, प्रशासनिक, आर्थिक, प्राविधिक, अतिरिक्त क्रियाकलाप तथा शैक्षिक अनुसन्धानात्मक कार्यहरूलाई सुव्यवस्थित र निर्देशित गर्न जनसहभागितामा सञ्चालित मुनाफारहित सामुदायिक क्याम्पसका रूपमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिइ बन्गाड क्याम्पस सल्यानको स्थापना भएको हुँदा क्याम्पस सञ्चालन प्रक्रियालाई व्यवस्थित गर्न संशोधित नियमावली बनाई त्रि.वि.बाट स्वीकृति गराई लागू गरिने छ ।

## परिच्छेद - १
## प्रारम्भिक

### १.१ सङ्क्षिप्त नाम र प्रारम्भ

क) यस नियमावलीको नाम "बन्गाड क्याम्पस सल्यानको नियमावली २०७५" रहने छ ।

ख) यो नियमावली परिमार्जित भई बन्गाड क्याम्पसको सञ्चालक समितिद्वारा पारित गरी त्रिभुवन विश्वविद्यालबाट स्वीकृत भएको मिति देखि लागू हुने छ ।

ग) क्याम्पसको नाम "बन्गाड क्याम्पस सल्यान" र यसको ठेगाना बन्गाड कुपिण्डे नगरपालिका वडा नं -६ कालागाउँ सल्यानमा रहने छ ।

घ) यस क्याम्पसको छाप त्रि.वि. को जस्तै लोगोमा अक्षर भने "बन्गाड क्याम्पस सल्यान स्थापना : २०६९" लेखिएको हुने छ । अङ्ग्रेजीमा "Bangad campus Salyan Ested : 2069" लेखिएको हुने छ ।

उपकुलपतिको कार्यालय योजना निर्देशनालय, कीर्तिपुर

### १.२ परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

क) "क्याम्पस" भन्नाले बन्गाड क्याम्पस सल्यान सम्झनु पर्ने छ । क्याम्पसको नाम अङ्ग्रेजीमा Bangad campus Salyan रहने छ ।

ख) "नियमावली" भन्नाले बन्गाड क्याम्पस सल्यानको नियमावली २०७५ लाई बुझाउने छ ।

ग) "विश्वविद्यालय" भन्नाले त्रिभुवन विश्वविद्यालयलाई जनाउने छ ।

घ) "आयोग" भन्नाले विश्वविद्याल अनुदान आयोगलाई बुझाउने छ ।

ङ) "ऐन नियम" भन्नाले विश्वविद्यालय अनुदान आयोगको नियम र त्रि.वि. ऐन २०५० अन्तर्गत बनेका नियमलाई जनाउने छ ।

च) "क्याम्पस सभा" भन्नाले वन्गाड क्याम्पसको वार्षिक साधारण सभा र सञ्चालक समिति गठनका लागि गरिने सभालाई जनाउने छ ।

छ) "सञ्चालक समिति" भन्नाले वन्गाड क्याम्पसको नियमावली लागू हुनु भन्दा पहिले र नियमावली लागू भए पश्चात गठन हुने सञ्चालक समितिलाई बुझाउने छ ।

ज) "अध्यक्ष" भन्नाले वन्गाड क्याम्पसको सञ्चालक समितिका अध्यक्षलाई बुझाउने छ ।

झ) "उपाध्यक्ष" भन्नाले वन्गाड क्याम्पसको सञ्चालक समितिको उपाध्यक्षलाई जनाउने छ ।

ञ) "सदस्य सचिव" भन्नाले वन्गाड क्याम्पसको सञ्चालक समितिको सदस्य सचिवलाई जनाउने छ ।

ट) "सदस्य" भन्नाले वन्गाड क्याम्पसको सञ्चालक समितिको सदस्यहरू जनाउने छ ।

ठ) "क्याम्पस प्रमुख" भन्नाले वन्गाड क्याम्पसको प्रमुखलाई जनाउने छ ।

ड) "प्राध्यापक" भन्नाले क्याम्पसमा अध्यापनरत प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक, शिक्षण सहायक, आंशिक प्राध्यापक प्रशिक्षक तथा उपप्रशिक्षक समेतलाई जनाउने छ ।

ढ) "कर्मचारी" भन्नाले क्याम्पसको प्रशासनिक तथा आर्थिक कार्यका लागि नियुक्त जुनसुकै पदको कर्मचारीलाई जनाउने छ ।

ण) "प्रशासन" भन्नाले वन्गाड क्याम्पसको प्रशासनलाई जनाउने छ ।

त) "शिक्षण समिति" भन्नाले वन्गाड क्याम्पसको नियमावली अन्तर्गत गठित विषयगत शिक्षण समितिलाई जनाउने छ ।

थ) "उपसमिति" भन्नाले वन्गाड क्याम्पसको सञ्चालक समिति अन्तर्गत गठित उपसमितिलाई जनाउने छ ।

द) "पदपूर्ति तथा छनौट समिति" भन्नाले यस क्याम्पसको सञ्चालक समितिबाट गठन भएको समितिलाई जनाउने छ ।

ध) "विद्यार्थी" भन्नाले वन्गाड क्याम्पस, सल्यानमा नाम दर्ता गराइ अध्यानरत छात्र, छात्रालाई जनाउने छ ।

न) "अभिभावक" भन्नाले वन्गाड क्याम्पसमा अध्यानरत विद्यार्थीका अभिभावक तथा सेवा क्षेत्र अन्तर्गतका क्याम्पस निर्माण, सञ्चालन र विकासमा समर्पित आम जनसमुदायलाई जनाउने छ ।

प) "निर्वाचन समिति" भन्नाले वन्गाड क्याम्पसको सञ्चालक समितिको चयन गर्न गठित निर्वाचन समितिलाई जनाउने छ ।

फ) "विशेष परिस्थिति" भन्नाले क्याम्पस सञ्चालनको क्रममा अकस्मात आइपर्ने समस्याहरूलाई जनाउने छ ।

## परिच्छेद - २

### उद्देश्य

**२.१ उद्देश्य**

यस बन्गाड क्याम्पसका उद्देश्य देहाय बमोजिम हुने छन :

क) स्वस्थ प्रतिस्प्रधात्मक, समयानुकुल, युगसापेक्ष र गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने ।

ख) सल्यान जिल्लाको पश्चिम बन्गाडकुपिण्डे नगरपालिका, कुमाख गाउँपालिका, शिद्धकुमाख गाउँ पालिका र छिमेकि जिल्ला सुर्खेत र जाजरकोटका केही क्षेत्रका उच्च शिक्षाको अवसरबाट वन्चित भएका माध्यामिक तह उत्तीर्ण विद्यार्थीको उच्च शिक्षा अध्यायन गर्ने चाहना र आवश्यकता पुरा गर्न एउटै थलोमा सर्वसुलभ, रोजगारीमूलक, प्राविधिक गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने ।

ग) प्राविधिक तथा व्यवसायिक दक्ष जनशक्ति उत्पादन गर्न प्राविधिक तथा व्यवसायि शिक्षाप्रदान गर्ने ।

घ) त्रि.वि. बाट स्वीकृती लिई अन्य कार्यक्रमहरू सञ्चालन गर्ने ।

## परिच्छेद - ३

### क्याम्पस सभा

**३.१ साधारण सभा**

क) साधारण सभा व्यापक जनसभागिता जुटाउन, समुदायको मर्म अनुसार सञ्चालन गर्न लोकतान्त्रिक, विधि र पद्धति अनुरूप अगाडि बढ्न, क्याम्पसलाई सक्षम बनाइ सुव्यवस्थित तरिकाले सञ्चालन गर्न संवर्द्धन र संरक्षणका साथै आवश्यक नियन्त्रण, निर्देशन गर्नका लागि क्याम्पसको सर्वोच्च निकायका रूपमा क्याम्पस सभा रहने छ ।

ख) क्याम्पस सभामा सञ्चालक समितिका पदाधिकारी, सदस्य, विशिष्ट सदस्य, आजिवन सदस्य, क्रियासिल सदस्य, साधारण सदस्यहरूलाई सभासद्का रूपमा सहभागी गराइने छ । सम्वन्धित क्षेत्रका सांसद्, स्थानीय निकायका प्रतिनिधि, सल्लाकार, संरक्षक, संस्थापक, मानार्थ सदस्य, क्याम्पसक सञ्चालक समितिका पूर्व अध्यक्ष, पूर्व क्याम्पस प्रमुख, प्राध्यापक, कर्मचारी, विद्यार्थी प्रतिनिधि, पूर्वविद्यार्थी, समाजका प्रतिष्ठित व्यक्तित्वहरू, सहयोगदाताहरूलाई आमन्त्रित सभासद्का रूपमा सहभागी गराइने छ । आमन्त्रित सभासद्हरूलाई निर्णयार्थ पेश गरिएका विषयहरूमा मतदानमा सहभागी गराइने छैन ।

ग) मानार्थ सदस्य, विशिष्ट सदस्य, आजिवन सदस्य, क्रियासिल सदस्य, साधारण सदस्यको योग्यता र मापदण्ड क्याम्पस सञ्चालक समितिको बैठकले तय गरे बमोजिम हुने छ ।

घ) क्याम्पस सभाले सर्वसम्मतबाट सके सम्म अध्यक्ष चयन गर्ने छ । सर्वसम्मत चयन हुन नसेके वहुमतबाट अध्यक्ष चयन गरिने छ ।

ङ) क्याम्पस सभाले सके सम्म सर्बसम्मतबाट क्याम्पसका अन्य पदाधिकारी र सदस्यहरू चयन गर्ने छ । सर्वसम्मत हुन नसके वहुमतबाट पदाधिकारी र सदस्यहरू चयन गरिने छ ।

च) तत्कालको लागि विनियम बनि नसकेको अवस्थामा अभिभावक भेलालाई नै क्याम्पस सभाको रूपमा व्यवस्था गरिने छ ।

### ३.२ क्याम्पस सभाको काम, कर्तव्य र अधिकार

१) क्याम्पसको उद्देश्य प्राप्तिका लागि आवश्यक कार्य गर्ने गराउने ।
२) क्याम्पस सञ्चालक समितिको निर्वाचन गर्ने ।
३) क्याम्पसको शैक्षिक, आर्थिक, भौतिक, आदि पक्षको विकासमा मार्ग दर्शकको भूमिका खेल्ने ।
५) सञ्चालक समितिलाई आवश्यक परामर्श दिने ।
६) सामान्यत: प्रत्येक शैक्षिक शत्रको अन्तमा क्याम्पस सभा गरिने छ । क्याम्पस सभाले चालु शैक्षिक सत्रको समीक्षा गर्दै आगामी वर्षको शैक्षिक, आर्थिक, भौतिक र प्रसासनिक कामका लागि कार्ययोजना निर्माण गर्ने छ ।
७) क्याम्पस सभाले क्याम्पसको वार्षिक आय व्यय, विवरण सार्वजनिक गरि पारित गर्ने छ ।
८) क्याम्पस सभाको अध्यक्षता क्याम्पस सञ्चालक समितिको अध्यक्षबाट हुने छ ।

### ३.३ क्याम्पस सभाको बैठक

यस सभाको बैठक हरेक १ वर्षमा क्याम्पस सञ्चालक समितिले तोकेको स्थान, मिति र समयमा बस्ने छ । तर एक तिहाइ क्याम्पस सभासदहरूले लिखित रूपमा सभाको माग गरी क्याम्पस सञ्चालक समितिका अध्यक्षसमक्ष लिखित निवेदन पेस गरेमा निवेदन पेस गरेको एक महिना भित्र अध्यक्षले क्याम्पस सभा बोलाउनु पर्ने छ ।

### ३.४ क्याम्पससभाको बैठक गणपूरक सङ्ख्या

क्याम्पससभाको गणपूरक सङ्ख्या ५१ प्रतिशत हुने छ । उक्त बैठक बस्नका लागि प्रथम पटक ५१ प्रतिशत सदस्यहरू उपस्थित नभएमा दोस्रो पटक कम्तिमा एक तिहाइ सभासदहरू उपस्थित हुनु पर्ने छ । तेस्रो पटक उपस्थित सङ्ख्याबाट सभा सञ्चालन हुन बाधा पुग्ने छैन । बैठकको निर्णय सर्वसम्मत वा बहुमतबाट हुने छ ।

## परिच्छेद -४

## क्याम्पस सञ्चालक समितिको गठन, काम, कर्तव्य र अधिकार

### ४.१) क्याम्पस सञ्चालक समितिको गठन, काम, कर्तव्य र अधिकार :

अ) क्याम्पसको शैक्षिक, प्रशासनिक, आर्थिक, प्राविधिक, अतिरिक्त क्रियाकलाप तथा अनुसन्धानात्मक कार्यहरूलाई सुव्यवस्थित गर्न र त्यसका लागि आवश्यक सहयोग जुटाउन,

नीति निर्देशन गर्न, सर्वोच्च निकायका रूपमा देहाय बमोजिमको २१ सदस्य सञ्चालक समिति गठन गर्ने ।

| | |
|---|---|
| क) अभिभावक मध्येबाट निर्वाचित भइ आउने | अध्यक्ष -१ जना |
| ख) अभिभावक मध्येबाट निर्वाचित भइ आउने | उपाध्यक्ष -१ जना |
| ग) अभिभावक मध्येबाट निर्वाचित भइ आउने | पुरुष सदस्य -४ जना |
| घ) अभिभावक मध्येबाट निर्वाचित भइ आउने | महिला सदस्य -४ जना |
| ङ) त्रि.वि. प्रतिनिधि | पदेन सदस्य -१ जना |
| च) सम्बन्धित वडाको वडा अध्यक्ष | पदेन सदस्य -१ जना |
| छ) प्राध्यापक सङ्घ क्याम्पस एकाइ समिति अध्यक्ष | पदेन सदस्य -१ जना |
| ज) स्व.वि.यु. सभापति | पदेन सदस्य -१ जना |
| झ) शिक्षाप्रेमी, प्राज्ञिक तथा विशिष्ट व्यक्तित्वहरूबाट | मनोनित सदस्य -१ जना |
| ञ) उद्योग वाणिज्य सङ्घको नगर अध्यक्ष वा प्रतिनिधि | मनोनित सदस्य -१ जना |
| ट) पिछडिएको क्षेत्र, जाति, समुदाय मध्येबाट | मनोनित सदस्य -१ जना |
| ठ) उत्कृष्ट चन्दादाताहरू मध्येबाट | मनोनित सदस्य- १ जना |
| ड) क्याम्पस प्रमुख | सदस्य सचिव -१ जना |

आ) पदेन सदस्यहरूले आफ्नो ओहदाको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नु पर्ने छ ।

इ) निर्वाचन भई आउने सञ्चालक समितिको बैठकले बाँकी मनोनित सदस्यहरूको पदपूर्ति गर्ने छ ।

ई) सञ्चालक समितिको पद रिक्त हुन आएमा निम्न बमोजिम पदपूर्ति हुने छ ।

क) सञ्चालक समितिको कुनै पद रिक्त भएको अवस्थामा मौजुदा सञ्चालक समितिको निर्णयबाट पदपूर्ति हुनेछ ।

ख) दफा १ को उपदफा अ को ङ, च, छ, ज र ड अनुसार पदपूर्ति हुन आएमा दोश्रो पदावधिको निर्वाचन नहुँदा सम्म यसै कार्य समितिका पदाधिकारी मानिनेछन ।

ग) क्याम्पस सञ्चालक समितिको पदावधी ४ बर्षको हुनेछ ।

घ) सामान्यतया सञ्चालक समितिको पदावधि समाप्त भएको मितिले २ महिना भित्र क्याम्पस सभाद्वारा सञ्चालक समितिको गठन गर्नुपर्ने छ ।

### ४.२ सञ्चालक समितिका अध्यक्षको योग्यता

क) नेपाली नागरिक ।

ख) मानसिक सन्तुलन ठिक भएको ।

ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।

घ) उमेर ३० वर्ष पुरा भएको हुनुपर्ने ।

ङ) शैक्षिक योग्यता न्युनतम १० कक्षा पास हुनु पर्ने ।

च) कम्तिमा एक कार्यकाल क्याम्पस सञ्चालक समितिमा रहि काम गरेको हुनु पर्ने ।

छ) क्याम्पसमा लगानी गर्ने प्रवर्द्धक हुनु पर्ने ।

### ४.३ सञ्चालक समितिका उपाध्यक्ष तथा सदस्यहरूको योग्यता

क) नेपाली नागरिक ।

ख) मानसिक सन्तुलन ठिक भएको ।

ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।

घ) उमेरको हकमा उपाध्यक्ष पदका लागि ३० वर्ष र सदस्यका लागि २५ वर्ष पुरा गरेको ।

च) उपाध्यक्षका लागि कम्तिमा एक कार्यकाल क्याम्पस सञ्चालक समितिमा रहि काम गरेको ।

ङ) क्याम्पसमा लगानी गर्ने प्रवर्द्धक हुनु पर्ने ।

### ४.४) सञ्चालक समितिको अध्यक्ष तथा सदस्यहरूको पद रिक्त हुने अवस्था

क) लिखित राजीनामा स्वीकृत भएमा ।

ख) मानसिक सन्तुलन गुमाएको प्रमाणित भएमा ।

ग) पदावधी समाप्त भएमा ।

घ) मृत्यु भएमा ।

ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा संलग्न रहेको प्रमाणित भएमा ।

च) सञ्चालक समितिको बैठकमा लगातार तीन पटकसम्म विना सूचना अनुपस्थित रहेमा ।

छ) क्याम्पसको हित विपरीत काम गरेको ठहर भएमा ।

ज) क्याम्पसको कार्यसम्पादनको क्रममा सञ्चालक समितिका कुनै पनि पदाधिकारीहरूले क्याम्पसबाट पेश्कि रकम लिई समयमा फर्च्यौटको नगरेको अवस्थामा सञ्चालक समितिको बैठकले पेश्कि फर्च्यौटको लागि सचेत गराउदा पनि पेश्कि फर्च्यौट नगरेमा त्यस्ता पदाधिकारी तथा सदस्यको पद रिक्त भएको निर्णय सञ्चालक समितिले गरेमा ।

झ) मनासिब कारण सहित सञ्चालक समितिको दुई तिहाइ बहुमतले निष्कासन गरेमा तर यसो गर्दा निजलाई सफाईको लागि बढीमा १५ दिनको समय उपलब्ध गराइने छ ।

### ४.५) सञ्चालक समितिको बैठक

क) सञ्चालक समितिको बैठकका लागि सम्पूर्ण सदस्य सङ्ख्याको ५१% उपस्थितिलाई गणपुरक सङ्ख्या पुगेको मानिनेछ । तर कतिपय अवस्थामा गणपुरक सङ्ख्या नपुगी बैठक बस्न नसक्दा पुन: दोश्रो बैठक पनि बस्न नसकेमा तेश्रो पटक सङ्ख्याको बहुमतबाट आवश्यक निर्णय लिन सकिनेछ ।

ख) अध्यक्षको निर्देशनमा सञ्चालक समितिको बैठक बस्नु भन्दा तीन दिन अगावै छलफलका विषयहरू खुलाएर सदस्य सचिवले सञ्चालक समितिका सदस्यहरूलाई उपस्थितका लागि सूचना गर्नुपर्ने छ ।

ग) सञ्चालक समितिको बैठक कम्तीमा वर्षको छ पटक बस्ने छ र एक बैठक र अर्को बैठकको अन्तर ६५ दिन भन्दा बढी रहने छैन ।

घ) सञ्चालक समितिको बैठकमा आवश्कता अनुसार विशिष्टि व्यक्तित्वहरू लाई आमन्त्रण गर्न सकिने छ । सदस्य बाहेक विशिष्ट व्यक्तिहरूलाई बैठकमा मतदान गर्ने अधिकार रहने छैन ।

**४.६) सञ्चालक समितिको काम कर्तव्य र अधिकार**

सञ्चालक समितिको मुख्य काम क्याम्पसका लागि आवश्यक साधन स्रोत जुटाउने, शैक्षिक, प्रशासनिक, अतिरिक्त क्रियाकलाप तथा अनुसन्धानात्मक कार्यको सञ्चालन र रेखदेख गर्ने हुनेछ । उक्त कार्य सम्पादनको सिलसिलामा सञ्चालक समितिले देहाय बमोजिमका कार्य गर्न गराउन सक्नेछ :

१) क्याम्पस प्रमुखको व्यवस्था गर्ने ।

२) त्रि.वि.को ऐन, नियम, बिनियम र क्याम्पस नियमावलीको परिधिभित्र रही क्याम्पस सञ्चालन, रेखदेख, निरिक्षण र नियन्त्रण गर्ने ।

३) क्याम्पसको शैक्षिक एवम् प्रशासनिक प्रबन्धका लागि आवश्यक प्राध्यापक र कर्माचारीको दरबन्दी सिर्जना गर्ने तथा सङ्ख्या निर्धारण गरी सो प्रयोजनका लागि पदपूर्ति तथा छनौट समितिको व्यवस्था गर्ने । सञ्चालक समितिले आवश्यक प्रक्रिया पुऱ्याई आएका कर्मचारीलाई नियुक्ति गर्ने ।

४) क्याम्पसको आवश्यकता अनुसार उपसमिति वा आयोगको गठन गरी काम, कर्तव्य र अधिकार तोक्ने ।

५) क्याम्पसको शैक्षिक गुणस्तर उच्च राख्न अध्यायन कार्यको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन गर्ने र आवश्यक निर्देशन दिने ।

६) त्रि.वि.को स्वीकृति लिई क्याम्पसको आवश्यकता अनुसार समयसापेक्ष, सीपमूलक तालिम, प्रशिक्षण कार्यक्रम र प्रविधिक शिक्षा सञ्चालन गर्न आवश्यक पहल गर्ने ।

७) शिक्षक तथा विद्यार्थीको शैक्षिक एवम् प्राज्ञिक अभिबृद्धिका लागि आवश्यक कार्यक्रम बनाई कार्यान्वयन गर्ने गराउने ।

८) क्याम्पसको आर्थिक एवम् भौतिक साधन श्रोत जुटाउनका लागि आवश्यक योजना बनाई त्यसको कार्यान्वयन गर्ने, गराउने र क्याम्पसको विकासको लागि सहभागिता जुटाउने ।

९) क्याम्पसको वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी कार्यन्वयन गर्ने, गराउने ।

१०) क्याम्पसको आर्थिक व्यवस्थापनका लागि आवश्यक नीति, प्रक्रिया तथा लेखा ढाँचा निर्धारण गरी विभिन्न प्रकारका चन्दा, सहयोग, शुल्क र जरिवाना लिने ।

११) क्याम्पिसको चल अचल सम्पतिको लगत राख्न लगाउने, त्यसको संरक्षण र सम्वर्द्धन गर्ने गराउने ।

१२) क्याम्पसको चल अचल सम्पतिको कसैले हिनामिना गरेमा सञ्चालक समितिले नियम अनुसार निजबाट असुल उपर गर्न कार्वाही चलाउने ।

१३) क्याम्पसको वार्षिक आय व्यय लेखा परीक्षणका लागि लेखा परीक्षक नियुक्ति गर्ने साथै आर्थिक तथा परीक्षण प्रतिवेदन उपर आवश्यक कार्यवाही गर्ने र स्वीकृति गर्ने ।

१४) प्रध्यापक तथा कर्मचारीको पारिश्रमिक एवम् सेवा र सुविधा सम्वन्धि सर्तहरू निर्धारण गर्ने ।

१५) प्राध्यापक तथा कर्मचारीहरूको नियुक्ति तथा पदोन्नति र पुरस्कार एवम् दण्डको व्यवस्था गर्ने ।

१६) कार्यरत प्राध्यापक, कर्मचारी तथा सञ्चालक समिति सदस्यहरूबाट दिइएको राजिनामाको स्वीकृत वा आवश्यक उपयुक्त निर्णय गर्ने ।

१७) क्याम्पस सञ्चालक समिति, क्याम्पस प्राध्यापक कर्मचारी तथा विद्यार्थीका निमित्त आचारसंहिता बनाइ कार्यान्वयन गर्ने गराउने ।

१८) सञ्चालक समितिले आफ्ना केही अधिकारहरू क्याम्पस प्रमुखलाई प्रत्यायोजन गर्न सक्ने छ ।

१९) सञ्चालक समितिले आफ्नो बैठकको कार्वाही आफैं व्यवस्थित गर्न सक्ने छ ।

२०) क्याम्पसप्रति जनविश्वास आर्जन गर्न र क्याम्पसको प्रगति र आय व्ययलाई पारदर्शी बनाउन, सामान्यतः वर्षमा एकपटक सर्वपक्षिय प्रतिनिधी समेतको अभिभावक भेला बोलाइ अन्तरक्रिया गर्ने र क्याम्पसको गतिविधिको जानकारी दिने ।

२१) क्याम्पस सुव्यवस्थित गर्न आवश्यक्ता अनुसार यस नियमावलीले नसमेटेका विषयबस्तुमा विनियम बनाई लागू गराउने ।

**४.६) सञ्चालक समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार**

सञ्चालक समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछन् :

**अ) अध्यक्ष**

क) सञ्चालक समितिको बैठक बोलाउन सञ्चालक समितिका सदस्य सचिवलाई निर्देशन दिने र बैठकको अध्यक्षता गर्ने ।

ख) सञ्चालक समितिको मुख्य व्यक्तिको रूपमा रही क्याम्पसको सवाङ्गीन विकासमा अग्रणी भूमिका निर्वाह गर्ने ।

ग) सञ्चालक समितिको बैठकमा प्रस्तुत प्रस्तावमा बराबर मत भएमा निर्णायक मत दिने ।

घ) सञ्चालक समितिका बैठकबाट भएका निर्णयहरू कार्यान्वयन गर्ने गराउने, सोको अनुगमन गर्ने र निर्देशन दिने ।

ङ) क्याम्पस प्रमुखको बिदा स्वीकृत गर्ने र काज खटाउने ।

च) सञ्चालक समितिबाट निर्णय गरिएका विषय कार्यान्वयका क्रममा कुनै बाधा कठिनाई आइ परेमा त्यसको निराकरण गर्ने, गराउने एवम् क्याम्पस व्यवस्थापनको रेखदेख गर्ने गराउने ।

छ) सञ्चालक समितिले निर्धारण गरेका आचारसंहिता कार्यान्वयन गर्ने गराउने ।

ज) क्याम्पस नियमावली क्याम्पसको हित विपरित गतिविधि गर्ने कुनै पदाधिकारी, सदस्य, प्राध्यापक,कर्मचारीलाई स्पष्टिकरण माग गर्ने र आवश्यक कार्वाहि चलाउने ।

झ) सञ्चालक समितिबाट अनुमोदन गराउने गरी विशेष परिस्थितिमा क्याम्पसको बृहत् हितलाई ध्यानमा राखि आवश्यक निर्णय लिन सक्ने ।

ञ) सञ्चालक समितिको बैठक आफू अनुपस्थिति रहेको अवस्थामा बैठक सञ्चालनको अध्यक्षता गर्न उपाध्यक्षलाई जिम्मेवार दिने ।

ट) क्याम्पसको वार्षिक आय व्ययको आन्तरिक तथा बाह्य लेखापरीक्षण गर्ने गराउने ।

ठ) क्याम्पस विकासका लागि भौतिक, बौद्धिक, एवम् मानवीय स्रोत साधन र सहयोग जुटाउने ।

## आ) उपाध्यक्ष

क) सञ्चालक समितिको बैठकमा उपाध्यक्षको हैसियतले सहभागी हुने ।

ख) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गरी निर्णय प्रक्रियामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

ग) सञ्चालक समितिको अध्यक्षलाई आवश्यक परामर्श एवम् सहयोग गर्ने र अध्यक्षले सुम्पेका जिम्मेवारी बहन गर्ने ।

घ) सञ्चालक समितिले गरेका निर्णयहरूको कार्यान्वयन प्रक्रिया अग्रसर हुने ।

ङ) क्याम्पसको सर्वाङ्गीण विकासका लागि महत्वपूर्ण भूमिकामा अग्रसर हुने ।

## इ) सदस्य सचिव

क) अध्यक्षसँग परामर्श गरी आवश्यकता अनुसार सञ्चालक समितिको बैठक बोलाउने ।

ख) सञ्चालक समितिको बैठकको निर्णय सम्वन्धि अभिलेख राख्ने ।

ग) क्याम्पस प्रमुखको हैसियतले क्याम्पसको शैक्षिक, आर्थिक तथा सामान्य प्रशासनको दैनिक कार्य सम्पादन गर्ने ।

घ) क्याम्पसको वार्षिक कार्ययोजन तयार पारी सञ्चालक समितिमा पेश गर्ने ।

ङ) क्याम्पसको शैक्षिक, प्रशासनिक तथा अतिरिक्त एवम् अनुसन्धानात्मक कार्य सम्वन्धि प्रतिवेदन तयार पारी सञ्चालक समिति समक्ष पेश गर्ने ।

च) क्याम्पसको वार्षिक बजेट तर्जुमा गरी स्वीकृतिका लागि सञ्चालक समितिमा पेश गर्ने र स्वीकृत बजेट अनुसार वार्षिक योजना बनाइ तदनुसार कार्य सञ्चालत गर्ने, गराउने ।

छ) क्याम्पसको वार्षिक वित्तीय प्रतिवेदन तयार पार्न लगाउने र लेखा परीक्षणका लागि समितिमा पेश गर्ने ।

ज) लेखा परीक्षणको प्रतिवेदन उपर आवश्यक कार्वाहि गरी अनुमोदनका लागि समितिमा पेश गर्ने ।

झ) क्याम्पस प्रशासन र सञ्चालक समितिबीच समन्वय कायम गर्ने ।

ञ) त्रि.वि.तथा विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त परिपत्रहरू कार्यान्वयन गर्ने गराउने ।

ट) पुस्तकालय र अतिरिक्त क्रियाकलापको व्यवस्था गर्ने ।

ठ) क्याम्पसमा कार्यरत प्राध्यापक तथा कर्मचारीहरूको सेवा सर्त सम्बन्धि रेकर्ड राख्ने, विदा स्वीकृति गर्ने, मूल्याङ्कन गरी पुरस्कार एवम् दण्डको व्यवस्था गर्ने, गराउने ।

ड) क्याम्पसको चल अचल सम्पतिको अभिलेख राख्ने, संरक्षण सम्वर्द्धन गर्ने, गराउने ।

ढ) क्याम्पसको दैनिक आय व्यय हिसाव विवरण राख्ने र राख्न लगाउने ।

ण) क्याम्पस हाताभित्र अवान्छित क्रियाकलाप हुन नदिने ।

त) सहायक क्याम्पस प्रमुख, सङ्काय प्रमुख, परीक्षा प्रमुख, र अतिरिक्त क्रियाकलाप प्रमुखको नियुक्तिका लागि सञ्चालक समितिका सिफारिस गर्ने ।

थ) शिक्षण समितिका अध्यक्ष र सदस्यको प्रक्रिया पुऱ्याई नियुक्ति गर्ने ।

द) सञ्चालक समितिले निर्धारण गरेका आचार संहिताहरू कार्यान्वयन गर्ने गराउने र सञ्चालक समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

ध) उपरोक्त कार्यहरू गर्दा सामान्य अवस्थामा बाहेक अध्यक्षको सल्लाह र सहमति लिई गर्ने ।

ञ) क्याम्पसको आवश्यकतालाई मध्यनजर गरि छ महिनाको लागि आंशिक प्राध्यापक नियुक्ति गर्ने ।

**ई) सदस्यहरू**

क) सञ्चालक समितिको बैठकमा उपस्थिति भइ छलफलमा सहभागी हुने ।

ख) सञ्चालक समितिको निर्णय कार्यान्वयन प्रक्रियामा सहभागी हुने ।

ग) क्याम्पसको समग्र विकास उन्नति हुने कार्यमा सरिक हुने ।

घ) सञ्चालक समितिले सुम्पेको जिम्मेदारी वहन गर्ने ।

## परिच्छेद -५

### क्याम्पस प्रमुख, प्राध्यापक तथा कर्माचारीको व्यवस्था

**५.१) क्याम्पस प्रमुख, प्राध्यापक तथा कर्माचारीको व्यवस्था देहाय अनुसारको हुने छ ।**

**अ) क्याम्पस प्रमुख सम्वन्धि व्यवस्था**

क) त्रि.वि. को नियम अनुसार आवश्यक योग्यता पुगेका, शैक्षिक, आर्थिक, प्रशासनिक नेतृत्व वहन गर्न सक्ने व्यक्तिलाई सञ्चालक समितिको निर्णयानुसार क्याम्पस प्रमुखको नियुक्ति गर्ने ।

ख) क्याम्पस प्रमुखको पदावधि समान्यतया चार वर्षको हुनेछ । काम सन्तोषजनक देखिएमा सञ्चालक समितिले पुन: म्याद थप गर्न पनि सक्नेछ ।

ग) क्याम्पस प्रमुख सञ्चालक समितिप्रति उत्तरदायी हुनु पर्ने छ ।

**आ) सहायक क्याम्पस प्रमुख सम्बन्धि व्यवस्था**

क) क्याम्पसको आवश्यकता अनुसार आवश्यक योग्यता पुरा गरेका कार्यरत प्राध्यापक मध्येबाट क्याम्पस प्रमुखको सिफारिसमा सहायक क्याम्पस प्रमुखको नियुक्ति सञ्चालक समितिले गर्ने छ ।

ख) सहायक क्याम्पस प्रमुखको कार्यकाल सामान्यत: चार वर्षको हुने छ ।

ग) सहायक क्याम्पस प्रमुख क्याम्पस प्रमुख र सञ्चालक समितिप्रति उत्तरदायी हुनुपर्ने छ ।

**इ) सहायक क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।**

क) क्याम्पस प्रमुखको अनुपस्थितिमा निमित्त क्याम्पस प्रमुख भै काम गर्ने ।

ख) क्याम्पस प्रमुखलाई आवश्यक परामर्श दिने ।

ग) सञ्चालक समिति र क्याम्पस प्रमुखले तोके बमोजिमका कार्य गर्ने ।

**ई) क्याम्पसका प्रध्यापक र कर्मचारी नियुक्ति सम्बन्धि व्यवस्था**

क) प्राध्यापक र कर्मचारी नियुक्तिका लागि देहाय बमोजिमको पाँच सदस्य पदपूर्ति तथा छनौट समिति गठन गरिने छ :

| | |
|---|---|
| १) सञ्चालक समितिका अध्यक्ष | संयोजक १ जना |
| २) सञ्चालक समितिका उपाध्यक्ष वा सदस्य | सदस्य १ जना |
| ३) वरिष्ट विषय विशेषज्ञ | सदस्य २ जना |
| ४) क्याम्पस प्रमुख | सदस्य सचिव १ जना |

ख) पदपूर्ति तथा छनौट समितिले छनौट गरी सिफारिस गरेका व्यक्तिलाई आवश्यक प्रक्रिया पुऱ्याई सञ्चालक समितिले स्वीकृत गरी नियुक्ति गर्ने छ ।

ग) कुनै प्राध्यापक, कर्मचारी स्थायी, अस्थायी, करार आंशिक ज्यालादारी नियुक्ति गर्दा दरबन्दीको आधारमा विज्ञापन गरी खुल्ला प्रतियोगिताद्वारा लिखित, मौखिक, अन्तरवार्ता र प्रयोगात्मक परीक्षाको माध्यामबाट छनौट गरिने छ ।

घ) नियुक्ति दिदा १ वर्षको परीक्षण काल रहने गरी दिइनेछ । कार्य सम्पादन सन्तोषजनक नदेखिएमा क्याम्पस प्रमुखको सिफारिसमा सञ्चालक समितिको निर्णयबाट निजको नियुक्ति रद्ध गरिने छ । तर क्याम्पसमा एक वर्ष भन्दा बढी समयसम्म निरन्तर रूपमा कार्यरत कर्मचारीहरूको हकमा यो व्यवस्था लागू हुनेछैन ।

ङ) लिखित, मौखिक, अन्तरवार्ता र प्रयोगात्मक परीक्षाको कार्यविधि पदपूर्ति तथा छनौट समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

च) कुनै पनि पदको विज्ञापन गर्दा त्यस पदका लागि आवश्यक विषयगत शैक्षिक योग्यता र जिम्मेवारी तथा सेवा सुविधा सञ्चालन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**उ) क्याम्पसका प्राध्यापक तथा कर्माचारीको पद रिक्त हुने अवस्था**

क) लिखित राजिनामा स्वीकृत भएमा ।

ख) मृत्यु भएमा ।

ग) मानसिक सन्तुलन गुमाएको प्रमाणित भएमा ।

घ) नैतिक पतन हुने गरि फौजदारी अभियोगक सजाय पाएमा ।

ङ) पदिय दायित्व निर्वाह नगरेको वा क्याम्पसको हित विपरीत आचरण गरेको ठहर भई सञ्चालक समितिको बैठकबाट हटाइएमा । यसरि हटाउदा १५ दिन सम्म सफाइको मौका दिइनेछ ।

च) क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, शिक्षण समितिका अध्यक्षहरूको हकमा तोकिएको पदावधि समाप्त भएमा निजहरूको शैक्षिक पद भने कायम नै रहनेछ ।

**५.२) क्याम्पसको शैक्षिक तथा प्रशासनिक जनशक्ति देहाय अनुसार रहनेछन्**

**अ) शैक्षिक जनशक्ति**

क) क्याम्पस प्रमुख

ख) सहायक क्याम्पस प्रमुख

ग) प्राध्यापक

घ) सहप्राध्यापक

ङ) उपप्राध्यापक

च) शिक्षण सहायक

छ) आंशिक प्राध्यापक

ज) अभ्यास शिक्षण प्रमुख

झ) परीक्षा प्रमुख

ञ) शैक्षिक अनुसन्धान प्रमुख

ट) अतिरिक्त क्रियाकलाप प्रमुख

आ) प्रशासनिक जनशक्ति

क) प्रशासन प्रमुख
ख) लेखा प्रमुख (अधिकृत)
ग) प्रशासन (ना.सु.)
घ) कम्प्युटर अपरेटर (ना.सु.)
ङ) लेखापाल (ना.सु.)
च) लाइब्रेरी (खरिदार)
छ) गाडी चालक
ज) कार्यालय सहयोगी
झ) सुरक्षा गार्ड
ञ) कुचिकार
ट) माली

माथि उल्लेखित शैक्षिक तथा प्रशासनिक जनशक्तिको नियुक्ति खुल्ला प्रतिस्पर्धाबाट गरिनेछ। कार्यरत जनशक्तिलाई आवश्यक प्रक्रिया पुऱ्याई बढुवा र स्थायी गर्न सकिने छ।

५.३) शैक्षिक तथा प्रशासनिक जनशक्तिका लागि निम्नानुसार योग्यता तोकिएको छ

अ) शैक्षिक जनशक्ति

क) क्याम्पस प्रमुख र सहायक प्रमुखको न्युनतम योग्यता मानविकी र शिक्षाशास्त्र सङ्कायमा स्नातकोत्तर तहमा प्रथम श्रेणीमा उत्तीर्ण गरेको हुनु पर्ने छ।

ख) प्रध्यापकहरूको हकमा त्रि.वि.को नियम अनुसार सम्वन्धित विषयमा द्वितीय श्रेणी एम.एड. उत्तीर्ण गरेको वा सम्वन्धित विषयमा एम.ए., एम.वि.ए., एम.एसी. गरी तीन वर्ष वा एक वर्ष बी.एड. उत्तीर्ण गरेको हुनुपर्ने छ।

ग) अभ्यास शिक्षण तथा परीक्षा प्रमुखको लागि त्रि.वि.को नियम अनुसार शिक्षाशास्त्र सङ्कायमा स्नातकोत्तर तहमा द्वितीय श्रेणिमा उत्तीर्ण गरेको वा एम. ए., वि.एड. उत्तीर्णको गरेको हुनु पर्ने छ ।

घ) शैक्षिक अनुसन्धान प्रमुखका लागि स्नातकोत्तर तह द्वितीय श्रेणीमा उत्तीर्ण गरी सम्वन्धित क्षेत्रमा न्युनतम २ वर्षको अनुभव भएको हुनुपर्ने छ।

आ) प्रशासनिक जनशक्तिको योग्यता

क) प्रशासन प्रमुख (अधिकृत) पदका लागि न्यूनतम शैक्षिक योग्यता स्नातक वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

ख) लेखाअधिकृत पदका लागि न्यूनतम शैक्षिक योग्यता बि.बि.ए., बि.बि. एस. गरेको हुनुपर्नेछ ।

ग) प्रशासन (ना.सु.) पदका लागि न्यूनतम शैक्षिक योग्यता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने छ

घ) कम्प्युटर अप्रेटर (ना.सु.) पदका लागि न्यूनतम शैक्षिक योग्यता कम्प्युटर शिक्षामा प्रमाण पत्र वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने छ ।

ङ) लेखापाल (ना.सु) पदका लागि न्यूनतम शैक्षिक योग्यता प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने छ ।

च) लाइब्रेरी (खरिदार) पदका लागि न्यूनतम शैक्षिक योग्यता माध्यामिक तह उत्तीर्ण गरेको हुनुपर्ने छ ।

छ) गाडी चालकका पदका लागि न्यूनतक शैक्षिक योग्यता कक्षा ८ उत्तीर्ण गरी सम्वन्धित क्षेत्रमा दक्ष र अनुभवि हुनुपर्ने ।

ज) कार्यालय सहयोगी पदका लागि न्यूनतम शैक्षिक योग्यता कक्षा १० उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा दक्ष र अनुभवि हुनुपर्ने ।

झ) सुरक्षा गार्ड पदका लागि न्यूनतम शैक्षिक योग्यता कक्षा १० उत्तीर्ण गरी सम्वन्धित क्षेत्रमा दक्ष र अनुभवि हुनुपर्ने छ ।

ञ) कुचीकार पदका लागि सामान्य लेखपढ गर्न जान्ने र दक्ष हुनुपर्ने ।

ट) माली पदका लागि सामान्य लेखपढ गर्न जान्ने र अनुभवि हुनुपर्ने ।

**५.४) क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, प्राध्यापक तथा कर्मचारीहरुको सेवा सर्त र सुविधा**

क्याम्पसका शैक्षिक तथा प्रशासनिक जनशक्तिले पाउने तलब, भत्ता, ग्रेड, भ्रमण भत्ता र पारिश्रमिक आदिका सम्बन्धमा त्रिभुवन विश्वविद्यालयले निर्धारण गरेको प्रचलित स्केललाई ध्यानमा राखी क्याम्पसको आर्थिक स्थिति अनुसार निर्धारण गर्न सकिनेछ । सेवा तथा अन्य सुविधाका सम्बन्धमा सञ्चालक समितिले विनियम बनाई लागू गरे अनुसार हुने छ । तर विनियम बनाइ लागू नहुँदा सम्म सञ्चालक समितिको बैठक निर्णय बमोजिम हुने छ ।

## परिच्छेद -६

## भौतिक श्रोतको परिचालन तथा आर्थिक प्रशासन

**६.१ भौतिक श्रोतको परिचालन तथा आर्थिक प्रशासन**

अ) क्याम्पसको आयश्रोत

क्याम्पसले निम्न श्रोतबाट आयआर्जन गर्न सक्नेछन ।

क) भर्ना शुल्क ।

ख) शिक्षण शुल्क ।

ग) चन्दा, सहयोग, दान दातव्य ।

घ) बिभिन्न थप शुल्क तथा जरिवाना ।

ङ) विश्वविद्यालय अनुदान आयोग वा अन्य श्रोतबाट प्राप्त भएका अनुदान ।

च) सरकारी निकाय तथा गैरसरकारी संघ संस्थाबाट प्राप्त सहयोग ।

छ) स्वदेशी वा विदेशी सङ्घ संस्थाबाट क्याम्पस प्रयोजनका लागि प्राप्त भएको आर्थिक तथा भौतिक दुवै किसिमको सहयोग ।

ज) क्याम्पसको सम्पति बिक्रि बितरणबाट प्राप्त आय ।

झ) सञ्चालक समितिले तोकेको अन्य कुनै श्रोतबाट प्राप्त आय ।

आ) आर्थिक परिचालन तथा प्रशासन

क) क्याम्पसमा एक आर्थिक कोष रहनेछ । त्यस कोषलाई क्याम्पस सञ्चालन, निर्माण, छात्रवृत्ति विद्यार्थी कल्याण कोष, अक्षय कोष आदि आवश्यकता अनुसार वर्गिकरण गरी सञ्चालन गर्ने ।

ख) क्याम्पसको आर्थिक कोषको रकम पायक पर्ने बैंकमा मुद्धति र चल्ती खातामा जम्मा गरी कारोवार गर्ने ।

ग) क्याम्पस सञ्चालक समितिले तोकेको पदाधिकारीहरूको नाममा बैंकको खाता सञ्चालन गर्ने ।

इ) क्याम्पस सञ्चालन खातामा देहाय बमोजिमको रकम रहनेछ ।

क) क्याम्पस अध्यनरत विद्यार्थीको शुल्क र जरिवाना ।

ख) क्याम्पस सञ्चालनको लागि प्राप्त भएको सहयोग, दान, दातव्य र अनुदान ।

ग) प्रशासनिक कार्य सञ्चालनको लागि प्राप्त भएको रकम ।

घ) क्याम्पस सञ्चालनको लागि सञ्चालक समितिले व्यवस्था गरेको अन्य रकम ।

ई) क्याम्पस निर्माण खातामा देहाय बमोजिमको रकम रहनेछ ।

क) विद्यार्थीबाट उठेको निर्माण शुल्क ।

ख) निर्माणका लागि छुट्टयाईएको रकम ।

ग) सरकारी निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घ संस्थाबाट निर्माणका लागि प्राप्त अनुदान आदि ।

घ) निर्माणका लागि प्राप्त व्यक्तिगत चन्दा सहयोग, दान, दातव्य र अनुदान ।

## ङ) विद्यार्थी कल्यान तथा छात्रावृत्ति कोष

क) क्याम्पसले छात्रावृत्तिको लागि छुट्याइएको रकम ।

ख) छात्रावृत्तिका लागि प्राप्त सहयोग, दान, दातव्य र अनुदान रकम आदि ।

## ऊ) अक्षय कोष

क्याम्पस सञ्चालक समितिले आवश्यक देखेका सम्बन्धित दातृसंस्था वा व्याक्तिको सहमतिमा अक्षय कोष सञ्चालनका लागि छुट्टै विनियम बनाई लागू गर्न सकिनेछ ।

## ए) लेखा हिसाब राख्ने

क) क्याम्पसको लेखा सम्बन्धि कार्यका लागि लेखा शाखा रहने छ ।

ख) लेखा हिसाब दुरुस्त राख्ने जिम्मेवारी लेखा प्रमुखको रहने छ ।

ग) लेखा हिसाब राख्दा क्याम्पस प्रशासन, शैक्षिक प्रशासन र निर्माण सम्बन्धि आय व्ययको हिसाब छुट्टा छुट्टै राख्नु पर्ने छ ।

घ) रकम खर्च गर्दा तोकिएकै शीर्षकको खाताबाट खर्च गर्नु पर्ने छ । यदि शीर्षक परिवर्तन गरी खर्च गर्नु परेमा सञ्चालक समितिबाट निर्णय गराइ, पछि सोध भर्ना गर्ने गरी सम्वन्धित खाताबाट सापटि लिई खर्च गर्न सकिने छ ।

ङ) क्याम्पसका भौतिक सम्पति, पुस्तकालय जिन्सि सामान लगत दुरुस्त राख्नु पर्ने ।

च) क्याम्पसको कोषमा जम्मा हुन आएको रकम सञ्चालक समितिले निर्णय गरे बमोजिम खर्च गर्नुपर्ने छ ।

## ऐ) लेखा परीक्षण

क) क्याम्पसले आफ्नो वर्ष भरिको सबै आम्दानि खर्च सम्वन्धि अभिलेख लेखा परीक्षण आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र गराई सक्नु पर्ने छ ।

ख) सञ्चालक समितिले रजिष्ट्रर्ड लेखा परीक्षक मध्येबाट प्रक्रिया पुर्‍याई लेखा परीक्षकको नियुक्ति गर्ने छ ।

ग) लेखा परीक्षण गर्दा लेखा परीक्षकले लेखा सम्वन्धि आर्थिक नियम अनुसार गर्नपर्ने छ ।

घ) लेखापरीक्षकलाई लेखा सम्बन्धि सम्पूर्ण अभिलेख नीति नियम र विनियमहरू उपलब्ध गराउने र प्रष्ट पार्ने । लेखा प्रमुखको कर्तव्य हुने छ । यसका लागि समन्वय क्याम्पस प्रमुखले गनुपर्ने छ ।

ङ) लेखा परीक्षकद्वारा तयार परिएको वासलात सहितको प्रतिवेदन अनुमोदनका लागि सञ्चालक समितिको बैठकमा पेश गनुपर्ने छ ।

च) लेखा परीक्षकको पारिश्रमिक सञ्चालक समितिले तोके बमोजिम हुने छ ।

छ) आर्थिक बेरुजु तथा अनियमितता देखिएका व्यक्तिहरूबाट सञ्चालक समितिले ७ दिन भित्र असुल उपर गर्ने छ । बेरुजु रकम असुल उपर नभएमा सञ्चालक समितिले निर्णय गरी कानुनी कार्वाहि अगाडि बढाई असुल उपर गर्ने छ ।

ओ) यो क्याम्पस स्वायत्त अधिकारयुक्त संस्था हुने छ । यसले नेपाल सरकार, बिश्वविद्यालय अनुदान आयोग नियम परिधिमा रहि नेपाल अधिराज्य भरि व्यक्तिसरह चल अचल सम्पत्ति खरिद, बेचबिखन दान, दातव्य, पुरस्कार प्रदान, आर्थिक सहयोग, राष्ट्रिय तथा अन्तराष्ट्रिय सहयोग प्रचलित नेपालको कानुनको अधिनमा रहि ग्रहण तथा आदान प्रदान गर्न सक्नेछ ।

## परिच्छेद -७
## आन्तरिक कार्य व्यवस्थापन उपसमिति

७.१ क्याम्पसको दैनिक कार्यक्रम सुचारु रूपले सञ्चालन गर्नका लागि आन्तरिक कार्य व्यवस्थापन उपसमिति निम्न अनुसार गठन गर्न सकिने छ ।

| | |
|---|---|
| क) क्याम्पस प्रमुख | संयोजक -१ जना |
| ख) प्राध्यापक सङ्घ इकाइ समितिका प्रतिनिधि | सदस्य - १ जना |
| ग) सञ्चालक समितिले छानेको क्याम्पसमा कार्यरत कर्मचारीहरू मध्ये | सदस्य -१ जना |
| घ) क्याम्पस प्रमुखको सिफारिसमा सञ्चालक समितिले नियुक्ति गरेको विभागीय प्रमुख | सदस्य -१ जना |
| ङ) स्व.वि.यू. सभापति | सदस्य -१ जना |

७.२ आन्तरिक कार्य व्यवस्थापन उपसमितिको काम, कर्तव्य र अधिकार :

क) क्याम्पसको दैनिक शैक्षिक कार्यक्रम सुव्यवस्थित रूपमा सञ्चालन गर्ने ।

ख) अतिरिक्त क्रियाकलाप सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने, गराउने ।

ग) भौतिक साधन उपयोग र संरक्षण गर्ने ।

घ) आचार संहिताको पालना गर्ने, गराउने ।

## परिच्छेद -८
## विविध

८.१ यो नियमावली लागू हुनु भन्दा अघि गरिएका सम्पूर्ण कार्यहरू यसै नियमावलीको आधारमा भएको मानिने छ । तर यो नियमावली लागू हुंदाका बखत देखि यससंग बाझिएका हदसम्म स्वत: निष्क्रिय हुनेछन् ।

८.२ यस नियमावलीमा संसोधन गर्न आवश्यक देखिएमा सञ्चालक समितिको दुई तिहाइ बहुमतबाट संसोधन गर्न सकिने छ । संसोधन गरिएको दफाहरू र बुंदाहरू यो नियमावलीको अभिन्न अङ्ग मानिने छ ।

८.३ यस नियमावलीमा कुनै कुरा परस्पर बाझिन आएमा त्यस सम्वन्धि बाधा अड्काउ फुकाउने अधिकार क्याम्पस सञ्चालक समितिलाई हुनेछ । यस नियमावलीमा जे भनिएता पनि नेपाल सरकार एवम् त्रि.वि.को ऐन कानुन नियमसंग बाझिने कुनै पनि दफा, उपदफाहरू बाझिएको हद सम्म स्वत : निष्क्रिय हुनेछन ।

८.४ क्याम्पसको शैक्षिक सत्र त्रि.वि.को क्यालेण्डर अनुसार हुने छ ।

८.५ त्रि.वि.को ऐन, नियम, विनियमको अधिनमा रही क्याम्पस सञ्चालक समितिले यस नियमावलीले नसमेटेका विषयवस्तुहरू विनियम बनाई लागू गर्न सक्ने छ ।

८.६ कुनै कारणबाट क्याम्पस सञ्चालन हुन नसकेमा यस क्याम्पसको सम्पति र दायित्व स्वत नेपाल सरकार वा त्रि.वि.वि. मा सर्नेछ ।

८.७ यो नियमावली संसोधन गर्दा क्याम्पस सञ्चालक समितिका पदाधिकारीहरूको नामावली विवरण देहाय बमोजिम रहेको छ :

| क्र.स. | पदाधिकारीको नाम | ठेगाना | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | कर्णबहादुर बुढाथोकी | बन्गाडकुपिण्डे न.पा.-३ सल्यान | अध्यक्ष | |
| २ | गणेशबहादुर बुढाक्षेत्री | बन्गाडकुपिण्डे न.पा.-६ सल्यान | उपाध्यक्ष | |
| ३ | कीर्तिबहादुर राना | बन्गाडकुपिण्डे न.पा.-५ सल्यान | सदस्य | |
| ४ | पुरुषोतम आचार्य | बन्गाडकुपिण्डे न.पा.-६ सल्यान | सदस्य | |
| ५ | दीपेन्द्र विष्ट | बन्गाडकुपिण्डे न.पा.-४ सल्यान | सदस्य | |
| ६ | कमल वि.क. | बन्गाडकुपिण्डे न.पा.-५ सल्यान | सदस्य | |
| ७ | टोपबहादुर विष्ट | बन्गाडकुपिण्डे न.पा.-५ सल्यान | सदस्य | |
| ८ | धनबहादुर पुन | बन्गाडकुपिण्डे न.पा.-३ सल्यान | सदस्य | |
| ९ | टेकबहादुर पुन | बन्गाडकुपिण्डे न.पा.-३ सल्यान | सदस्य | |
| १० | केशवराज शर्मा | बन्गाडकुपिण्डे न.पा.-५ सल्यान | सदस्य | |
| ११ | शोभा गौतम | बन्गाडकुपिण्डे न.पा.-६ सल्यान | सदस्य | |
| १२ | रीमि बुढा | बन्गाडकुपिण्डे न.पा.-१ सल्यान | सदस्य | |

| | | | | |
|---|---|---|---|---|
| १३ | बिमला बुढा | वनगाडकुपिण्डे न.पा.-६ सल्यान | सदस्य | बिमला |
| १४ | इन्द्रबहादुर बुढाथोकी | वनगाडकुपिण्डे न.पा.-४ सल्यान | सदस्य | |
| १५ | त्रि.वि प्रतिनिधि | | सदस्य | |
| १६ | वीरेन्द्र शाही | कुमाख -५ सल्यान | सदस्य सचिव | |

उपकुलपतिको कार्यालय
योजना निर्देशनालय, कीर्तिपुर